# सन्तनेताको सम्झनामा

केही महिना अघि नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र यानी हालको संसद भवनको पश्चिमतर्फको सडकको किनारमा नवनिर्मित सानो डबलीमा सन्तनेताको आधा कदको शालिक स्थापना गरेको देख्न पाउँदा एक मनले निक्कै खुशी पनि लाग्यो भने अर्को मनले भने नेपालमा राणा शासनको अन्त गर्न लडेका चार शहिदहरूका साथै टङ्कप्रसाद आचार्य, वी.पी. कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ आदि जस्ता हस्तीहरूको पूर्ण कदको भव्य शालिक सहितको पार्क निर्माण गर्न आजसम्मका सबै सरकार किन चुकेका होलान् वा यसको महत्व नै किन नदेखेका होलान् भनेर । राजधानीमा कतै पनि जमिन नभेटिए जस्तो गरेर किशुनजीको शालिक पेटीमा जमिन खेर गएर बनेको सानो स्थानमा र बाँडेगाउँको उनको कुटी परिसरमा तथा विश्वेश्वरप्रसाद कोइरालाको शालिक सुन्दरीजल स्थित उनी बसेको कारागारमा मात्र सिमित राख्नु त्यति उपयुक्त हुँदैन । विभिन्न हस्तीहरूको नाममा बनेका अस्पताल तथा भवन परिसरमा उनका शालिक राखिनु राम्रै कुरा भएता पनि यस्ता ऐतिहासिक व्यक्तित्वहरू तथा राष्ट्रिय विभुतीहरूका भव्य शालिक राजधानीको सडकका विभिन्न महत्वपूर्ण चोकहरूमा राजा-महाराजाका शालिक जसरी नै ठड्याएको भए कति राम्रो हुने थियो । नयाँ बानेश्वरबाट एकाध किलोमिटर पुर्वमा रहेको तिनकुनेमा नै यस्ता महान व्यक्तित्वहरूको शालिक तथा उनले गरेका कार्यहरू झल्कने कलाकृति कुँदिएका विशाल पत्थरहरू र शिलालेख सहितको एक भव्य पार्क बनाए पनि त राम्रै हुने थियो होला नि । त्यस्तै शहरैपच्छिे भ्यूटावरको सट्टा उनीहरूको योगदानको कदरस्वरुप प्रत्येक प्रदेशमा यस्ता महान् राष्ट्रिय व्यक्तित्वहरु, विभुतीहरू तथा सो प्रदेशमा जन्म लिएका राष्ट्रिय तथा स्थानीय रूपमा ख्याती प्राप्त व्यक्तित्वहरूका पूर्ण कदका शालिकहरू स्थापना गरेर विशाल पार्कहरू निर्माण गर्न सके कत्ति राम्रो हुने थियो । यस्ता पार्कहरू पार्क मात्र नभएर एक ज्ञान र श्रद्धाको स्थल पनि बन्ने थिए ।

यस धरतीमा जन्मेकै समाजमा परिवर्तन ल्याएर जनताको सेवा गर्न र अन्यायको विरोधमा लड्न तथा सादगीपूर्ण जीवन जिएर अरुलाई प्रेरणा दिनु जस्तो थियो सन्तपुरुष कृष्णप्रसाद भट्टराईको जीवनचर्या । सन् १९२४ मा जन्मेका सन्तनेता कृष्णप्रसाद भट्टराई कै केही महिनाको अघि पछि विश्वविख्यात कैयन् नेताहरू जस्तै जिम्मी कार्टर (संराअमेरिका), रणसिंघे प्रेमदासा (श्रीलङ्का), रवर्ट मुगावे (जिम्बाब्वे), टोमिइची मुरायामा, नोवोरु ताकेशिता (जापान), डेनियल आराप मोई (केन्या), मिल्टन ओवोटे (युगाण्डा), आदिको जन्म भएको थियो ।

हजुरबुवा विश्वनाथ भट्टराई उत्तरी भारतका नेपाल नजिकका विभिन्न शहर र बनारसमा नै हुर्के, बढेका र पढेका व्यक्ति भएकाले जङ्गबहादुरले कोतपर्व पश्चात राजा राजेन्द्र विक्रम र रानी राज्यलक्ष्मीलाई काशीबासमा पठाउने बेलामा दरबारका अन्य चाटुकार पुरोहितहरूले भगौडा राजारानीसँग देश छोड्न नपरोस् भनेर हारगुहार गरेपछि भर्खरै मात्र नेपाल फर्केका उनै विश्वनाथलाई साथ लगाएर राजारानीलाई भारत पठाएको कुराको इतिहास छ। यसरी गोर्खा पुर्खौली थलो भएर पृथ्वीनारायण शाहसँगै नेपाल खाल्डो झरेर काठमाडौंको पकनाजोलमा बसोबास गरेका भट्टराईहरूका सन्तान मध्येका विश्वनाथ राजारानीसँग वनारस गएपछि उनका छोरा संकटाप्रसादले काठमाडौंका तीन वटै घर क्रमश: विक्री गरेर वनारसमा नै स्थायी रूपमा बसोबास गरेका रहेछन् । संकटाप्रसादका दुई वटी पत्नीहरूबाट जन्मिएर हुर्केका छ जना छोरी र चार छोराहरूमध्ये कृष्णप्रसाद भट्टराई एक थिए । उनका दाजु गोपालप्रसाद भट्टराई आफ्नो विद्यार्थीकालमा भारतको स्वतन्त्रता संग्राममा निक्कै होमिएर पटक पटक जेल परेका व्यक्ति र धेरै नेपाली

नेताहरूका राजनीतिका प्रेरणाका स्रोत पनि थिए । वनारसमा त उनी नेपालीहरू माझ मात्र नभई भारतीयहरू माझसमेत प्रख्यात थिए । झनै नेपालबाट राणा विरोधी 'जाग रे सब जाग' जस्ता कविता लेखेर प्रकाशन गरेपछि भागेर वनारस पुगेका महाकवी लक्ष्मीप्रसाद देवकोटा पनि उनिहरूसँगै केही वर्ष बसेपछि त नेपालमा राणाशासन ढाल्न झनै प्रेरणा मिलेको थियो कृष्णप्रसाद भट्टराई तथा उनका साथीहरूलाई ।

कृष्णप्रसाद भट्टराई स्कूले विद्यार्थीकाल देखि नै तीक्ष्ण बुद्धिका थिए र पढाईमा निक्कै ध्यान दिने गर्दथे । त्यतिबेलाको चलन अनुसार प्राथमिक शिक्षा संस्कृत स्कूलहरूबाट शुरु हुने भएकोले वनारसमा अध्ययन गर्ने विद्याथीहरुले सानै उमेरमा त्यहाँको प्रख्यात गुर्जर पाठशाला जस्ता शैक्षिक संस्थाहरूमा आवद्ध भएर वेद र श्रीमद्भागवत जस्ता शास्त्र र संस्कृत साहित्यका महत्वपूर्ण श्लोकहरू अर्थसहित कण्ठस्थ गरेका हुन्थे र नीति शास्त्र पनि पढेका हुन्थे । कृष्णप्रसाद भट्टराई भन्दा करिव चार वर्ष कान्छा तथा सँगै बनारसमा हुर्के, बढेका र पढेका मेरा पिताजी गोविन्दप्रसाद लोहनी पनि आफु भौतिकवादी भएर पनि संस्कृतका श्लोकहरु मज्जाले भट्याउन सक्ने हुनुहुन्थ्यो र अर्थ्याउने गर्नुहुन्थ्यो । एकचोटी दशैँको टिकाको दिन पुरोहितले हाम्रा पिताजी बुढा भएकाले कान सुन्नु हुन्न होला भन्ने ठानेर होला अलिक हेपेको पारामा ठुला ठुला स्वरले पाठ गर्दा उहाँलाई निक्कै झोँक चलेर उक्त पुरोहितको भन्दा पनि ठूलो स्वरमा सो पाठ पढ्नु हुँदा पुरोहित तर्सेको कुरा सम्झँदा अझ पनि हाँसो उठेर आउँछ । त्यतिबेला वनारसमा उत्पादित विद्यार्थीहरू आजका पश्चिमा मुलुकमा पढेका विद्यार्थीहरू जस्तै गर्वका साथ हेरिन्थे भने राणा शासकहरू भने वनारसमा पढेकाहरू महात्मा गान्धी, सुवासचन्द्र बोस आदिबाट प्रभावित भएर नेपालमा पनि राणा विरोधी कार्य गर्लान् कि भनेर सधैं सशङ्कित भएर बस्ने गर्दथे ।

विद्यार्थीकालदेखि नै कृष्णप्रसाद भट्टराईमा राजनीतिक लगाव यति धेरै थियो कि उनी वनारस हिन्दू विश्वविद्यालयमा अध्ययनरत छँदा विद्यार्थी युनियनको अध्यक्षको पद छोड्नु पर्ने चिन्ताले स्नातकोत्तर तहमा भर्ना भएर पनि परीक्षामा कहिल्यै सामेल भएनन् रे । वि.सं. २००३ सालमा कलकत्तामा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापनाको लागि विद्यार्थी तथा कार्यकर्ता भेला गर्ने क्रममा उनले वनारसका विभिन्न सात आठ वटा प्रमुख शिक्षण संस्थाहरूमा अध्ययनरत कैयन् विद्यार्थीहरू तथा त्यहाँ विभिन्न व्यवसाय सञ्चालन गरेर बसेका नेपालीहरूलाई हौसला प्रदान गरेका थिए । उनी एक असल व्यक्ति हुनुका साथै त्यतिबेला वनारसबाट प्रकाशन हुने युगवाणी तथा अन्य पत्रिकाको सम्पादन र लेख प्रकाशन गर्ने प्रख्यात व्यक्तित्व भएका तथा वनारसमा अध्ययनको निम्ति जाने नेपालीहरूलाई आफुले सकेको सहयोग गर्ने व्यक्ति भएकाले उनलाई सबैले मन पराउँथे । २००३ साल ताका मेरा पिताजी वनारस हिन्दू विश्वविद्यालयमा भर्ना हुन जाँदा त्यहाँ भर्ना पाउन निक्कै गाह्रो भएपछि साथी भाईले किशुनजीलाई भन्यो भने हुन सक्ने बताएपछि उहाँ किशुनजीलाई भेट्न जानु भएछ । किशुनजीसँगको उहाँको चिनाजानी गुर्जर पाठशाला देखिकै हो । सबै कुरा बुझेपछि उनले मेरा पिताजीलाई भोलि दस रुपैयाँ लिएर आउनु म भर्ना गराइ दिउँला भनेछन् । भोलिपल्ट बल्ल तल्ल त्यतिबेलाको ठूलो रकम दस रुपैयाँ लिएर उनलाई भेट्न गएपछि उनले एकजना प्रोफेसरको कार्यकक्षमा पिताजीलाई लगेर यो मेरो भाई समानको विद्यार्थी हो, यसलाई भर्ना गरिदिनु पर्‍यो सर भनेर खुसुक्क सो दस रुपैयाँ प्रोफेसरको गोजीमा राखिदिए पछि सोही दिन उहाँको भर्ना सदर भएछ । नेपालीलाई सहयोग गर्ने क्रममा परदेशका भ्रष्ट शिक्षकलाई घुस दिएर भएपनि एकजना नेपालीलाई शिक्षित तुल्याउन उनले जुन काम गरे, नेपालमा पहिलो प्रजातान्त्रिक संसदको सभामुख वा पछि दुई पटक प्रधानमन्त्री हुँदा पनि उनले भ्रष्ट आचरणलाई कहिल्यै पनि प्रोत्साहन दिएनन् । एक धार्मिक तथा अकेला ब्रह्मचारी व्यक्ति बालुवाटारको दरवारमा प्रधानमन्त्री बनेर बस्न जाँदा पनि

एउटा टचाङ्कामा भए भरको घर हालेर हातमा छाता र सुराही बोकेर गएका थिए भने त्यहाँबाट दुई पटक निस्कँदा पनि उनको सम्पत्ति त्यतिमात्रै नै बाहिरिएको थियो । न नै उनले आफुलाई आश्रय दिएर मायाका साथ घरमा राख्ने भाञ्जा र उनका परिवारलाई गलत तवरले कुनै विशेष खजानाको हकदार बनाउने चेष्टा गरे । बाँडेगाउँमा सरकारले उपलब्ध गराएको आश्रममा बस्दा पनि उनले सादगीका साथ नै जीवनयापन गरेका थिए ।

२०३६ सालको आन्दोलन र जनमत संग्रह पश्चात केही खुल्ला हुन पुगेको पार्टी राजनीति र वी.पी.को देहावसान पश्चात उनकै इच्छा मुताविक काङ्ग्रेसको बागडोर सम्हाल्ने काम पाएका नेतात्रय किशुनजी, गणेशमानजी र गिरिजाबाबु बेला बेलामा हाम्रा पिताजीको निमन्त्रणामा हाम्रो निवासमा आइरहन्थे २०४१-४२ साल देखि जनआन्दोलन सफल नहोउञ्जेलसम्म । जनआन्दोलनको खाका तयार गर्ने र मिति तोक्ने कैयन बैठकहरू हाम्रै घरमा पनि बसेका थिए । सन्तनेता किशुनजी सबैसँग मिलेर कुरा गर्ने, रमाइला कुरा गर्नुपर्ने र ठट्टा पनि खुबै गर्नुपर्ने व्यक्ति थिए । मेरा पिताजीले घरमा बोलाउन फोन गर्दा जिस्कँदै मदिरा कुन खुवाउने, खाना कस्तो तयार गर्ने र खाना पश्चात मिठाई के खाने र को को आउँछन्, फलानो आउँछ भने म आउँदिन जस्ता कुराहरू र सर्तहरू बडो हसिँलो तवरले उनी राख्ने गर्दथे । हाम्रा पिताजीलाई किशुनजीका मनपसन्द खानाबारे वनारसदेखि नै जानकारी भएकोले उनलाई मन पर्ने पकवान नै बनाउन लगाउनु हुन्थ्यो हाम्री माताजीलाई । गणेशमान सिंह र गिरिजाबाबु भने खानालाई त्यति महत्व दिँदैनथे तर पिताजीको आग्रह पनि टाल्न सक्दैनथे ।

जनआन्दोलनको समाप्ती लगत्तै मेरा पिताजीलाई जनआन्दोलनको चरम धपेडीले गर्दा निक्कै बिरामी परेर वीर अस्पतालमा भर्ना गर्नुपऱ्यो करिव तीन हप्तासम्म । त्यतिबेला किशुनजी र गणेशमानजी एक दिन जस्तो बिराएर उहाँलाई भेट्न र ढाढस दिन अस्पताल आइरहन्थे । जीवनमा धेरै दुख-सुख देखेका यी राजनेताहरूमा बढप्पन र घमण्डको उन्माद कहिल्यै देखिएन र सधैं सरलताको नमुना नै भएर रहे । तर विडम्बना नै भनुँ, आफ्नै पार्टीका र सँगै राजनीति गर्न थालेका साथी गिरिजाबाबुकै राजनैतिक सिकार बन्न पुगे यी दुवै सन्त र महन्तहरू । किशुनजीलाई चुनाव हराउन र प्रधानमन्त्रीको पदबाट हटाउन गिरिजाबाबुले कुनै कसर छोडेनन् भने लौहपुरुष गणेशमानजी पनि गिरिजाबाबु कै कारण दिक्दार हुँदै गए । गणेशमानजीलाई बुढेसकालमा परिवारजनले विभिन्न पदहरूका लागि सिफारिस गरिदिन धेरै दवाव दिन्थे र उनी पनि हार्न नसकेर केही हल्का र बदनाम पनि भए, नत्र त राजाबाट प्रधानमन्त्रीको पद दिँदा पनि म खान्न, किशुनजीलाई बनाइ दिनुहोस् भन्ने बहादुर पनि उनी नै थिए नेपालमा । गिरिजाबाबु पनि परिवारजन र चैते काङ्ग्रेस (पञ्चायतबाट काङ्ग्रेस पसेका भ्रष्ट र अवसरवादीहरू)को जन्जालमा फँसेका थिए, त्यसैले आफ्ना सहयोद्धाहरूलाई बीच बाटोमा छोडेर उनी आफ्ना मण्डलीहरूसँग रमाउन नै व्यस्त भए । आफुले खडा गरेको पार्टी आफ्नै छोरा छोरी जस्तो सम्झने किशुनजी र गणेशमानजी चुपचाप मौन धारण गरेर पार्टीबाट सन्यास लिन पुगे तर पार्टी फुटाउने जस्तो जघन्य अपराध उनीहरूले कहिल्यै पनि गर्न सकेनन् । आज आएर गिरिजाबाबुले लामो समयसम्म पार्टीको नेतृत्व सँभालेको भएपनि वा लामो समय मुलुक हाँकेको भएपनि किशुनजी वा गणेशमानजीको जस्तो सम्मान र आदर पाउन उनी सफल भएनन् । तर एउटा सच्चाई चाहिं के पनि छ भने, २०६३ सालको जनआन्दोलनको अन्तमा राजा ज्ञानेन्द्रले जनताको सामु 'जनताको नासो जनतालाई नै सुम्पें' भनेर प्रजातन्त्रको पुनर्वहाली गरेको घोषणा गरेको समयमा निम्तिन सक्ने ठूलो अराजकताको स्थितिबाट देश, जनता र राजा स्वयम्लाई पनि हुन सक्ने खतरालाई गिरिजाबाबुले आफ्नो जीवनभर आर्जेको अनुभवको प्रयोग गरेर बडो संयमका साथ काबुमा लिन सफल भएका हुन् ।

वी.पी. कोइराला जस्ता मार्क्सवाद, समाजवाद र दर्शनशास्त्रका विद्धान तथा भारतवर्ष (दक्षिण एशिया) कै प्रख्यात राजनेताद्वारा परिकल्पना गरेको समाजवादी सामाजिक वनोटको नयाँ नेपाल बनाउने दिशातिर कम्युनिष्टहरूसमेत लाग्न असफल भएको तर उनको बाटो पछ्याउन चाहने किशुनजी तथा अन्य नेताहरूलाई भने उनीहरुले चाहँदा चाहँदै पनि सफलता नमिलेको भएता पनि जनता र इतिहासले सम्भिरहने छन् निक्कै पछिसम्म पनि ।

वनारसको स्कूलदेखि विश्वविद्यालयसम्मको पढाईको दौरान किशुनजीका सामिप्यमा आएका उनका सहपाठी, उमेरले बढी वा कमका प्रख्यात नेपालीहरूमा महाकवी लक्ष्मीप्रसाद देवकोटा, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ, डा. यादवप्रसाद पन्त, देवेन्द्रराज उपाध्याय, हंसमान सिंह, बालचन्द्र शर्मा, डा. डिल्लीरमण रेग्मी, इश्वर वराल, रुद्रप्रसाद गिरी, मेरा पिताजी गोविन्दप्रसाद लोहनी आदि थिए । वी.पी. त्यतिबेला पटनामा बस्ने भएकाले बेला बखत वनारस जाँदा त्यहाँका नेपालीहरूसँग भेट हुने गर्दथ्यो भने गणेशमान सिंह पनि केही समय वनारसमा बसेका थिए ।  राणाशासनमा होस् वा राजा महेन्द्रको सिधा शासनकालमा होस् किशुनजीले बी.पी.ले जस्तै लामो जेल सजाय भोग्नु पऱ्यो । वी.पी.को स्वास्थ्यको कारण उनी छिटो छुटेका थिए भने नेपालको राणा विरोधी वा राजा महेन्द्रको प्रजातन्त्र मास्ने कदमको विरोधमा जनमत जुटाउन र भारतीय र विदेशी खासगरी समाजवादी नेताहरूको समर्थन जुटाउन पनि वी.पी.को रिहाईले ठूलो भूमिका खेलेको थियो किनकी उनमा विश्वस्तरका नेताहरूलाई समेत विश्वस्त बनाउन सक्ने सोच र क्षमता थियो ।

२०५० सालतिर म र मेरा मित्र ऋषि भट्टराईले विश्वेश्वरप्रसाद कोइरालाको सम्भनामा एक लेखसङ्ग्रह प्रकाशन गर्ने सिलसिलामा किशुनजीलाई उनका भाञ्जाको घर सानेपामा भेट्न जाँदा उनले हामी जस्ता काँचा युवाहरूसँग पनि निक्कै घुलमिलका साथ कुरा गरेर लेखनकार्यमा लागि रहन हाम्रो हौसला बढाई दिएका थिए । त्यसपछि नै हामीले अङ्ग्रेजी द्वैमासिक पत्रिका 'द माइलस्टोन'को प्रकाशन शुरु गरेका थियौं ।

खानपिनका सौखिन तथा पान खान भनै सौख भएका किशुनजीको शालिक उनी बरोबर गइरहने बानेश्वरको लक्ष्मी दिदीको मासुको परिकारको पसल र उनलाई मन परेको पान पसलकै अगाडि बनाउने काम कुनै विशेष सोचले भएको हो वा यो सब कुराको एक काक्ताली मात्र पर्न गएको हो, सो थाहा हुन सकेन । तर किशुनजीको सबैभन्दा राम्रो पक्ष के थियो भने उनी आफुलाई मन लागेका सबै कुरा नलुकाईकन गर्ने एक खुल्ला हृदयका सफा व्यक्ति थिए र उनको ठटचौलीबाट राजा वीरेन्द्र समेत ज्यादै प्रभावित हुने गरेका थिए रे । २०४६ सालको जनआन्दोलनबाट त्रसित राजदरवारमा राजा वीरेन्द्र लगायत सबैलाई आश्वस्त भएर बस्न कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह र मनमोहन अधिकारीले महत्वपूर्ण भूमिका खेलेका थिए । राजा वीरेन्द्र पछि पछि पनि किशुनजीलाई बेला बखत खासगरी साँझको समयमा आमन्त्रण गरेर उनको साथमा कुरा र ठट्टा गर्दै मदिरापान गर्न रुचाउँथे भन्ने कुरा पनि सुन्नमा आएको थियो । एक राजनेतामा हुनु पर्ने सर्वोत्तम सर्वगुण किशुनजीमा भएकोले नै सन्तनेतालाई जनताका प्यारा राजाले यसरी बोलाएर सम्मान गर्ने गरेका होलान् । तर आज न ती राजा जिउँदा छन् न नै ती सन्तनेता ।

८० वर्षको उमेरमा पनि सन्तनेता कृष्णप्रसाद भट्टराईले आफ्नो पुस्तक 'मेरो म'मा 'जीवनको परम उद्देश्य, आदर्श जीवन बिताउने उत्कट चाहना अझै मरेको छैन र अन्ततोगत्वा मानिसको अपरिहार्य अन्त्य वा मरणका अहिलेसम्म सुल्झिन नसकेका अनुत्तरित प्रश्नहरूको समाधानको खोजीमा पनि उत्तिकै लागेको छु ।' भनेर उल्लेख गरेका छन् । तर आजका अगुवा नेताहरूलाई एमसीसी, सत्ता भागवण्डा र व्यक्तिगत फाइदाका काममा वाहेक जनताको सुख, शान्ति र समृद्धिमा कुनै चाख नभएको देख्दा मन निक्कै भक्कानिएर आउँछ । हुँदा हुँदा अब त किशुनजीको सम्झनामा एक दिन विशेष कार्यक्रम गर्न समेत उनको आफ्नै पार्टीले पनि बिर्सेको भान हुन थालेको छ । अब त नेपालमा प्रजातन्त्र ल्याउन ज्यानको आहुती दिनेदेखि सम्पूर्ण जीवन नै जनताको हकहितमा व्यतित गर्ने राजनेताहरूको सम्झना गर्न पनि हामी सबैले बिर्सँदै जाने होकी भन्ने भय पैदा हुन लागेको छ । हामीमा छिट्टै बुद्धि र विवेक आओस् जय नेपालको नारा सहित ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७८ साल फागुन २७ गते*